नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL : www.mopit.gov.np
email:info@mopit.gov.np
फोन नं
फ्याक्स नं
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-

च. नं.:-

# विज्ञप्ति ।

मिति २०८१/६/१० देखि परेको अविरल वर्षातका कारण देश भरीका ८० वटा राष्ट्रिय राजमार्गहरु मध्ये अहिले साँझ ७ बजेसम्म १७ वटा राजमार्गहरुका विभिन्न ४७ स्थानमा राजमार्गहरु अझै अवरुद्ध छन्। देशको राजधानी जोडने लाइफ लाइनका रुपमा रहको मुख्य राजमार्ग नागढुङ्गा-नौबिसें-मुग्लिङ सडकको झ्याप्ले खोलाको अवरोध हटाएपछि अब पुरै पृथ्वी राजमार्गमा सवारी यातायात संचालनमा आएको छ। बि.पि. राजमार्गको बर्दिवास देखि नेपालथोक सम्मको अवरोध हटाइ यातायात सुचारु भएको छ। टोखा-गुर्जे भञ्ज्याङ्ग-छहरे नुवाकोट हुँदै स्याफ्रुवेशी सम्म को सडक सुचारु अवस्थामा रहेको छ। स्याफ्रुवेशी देखी रसुवागढी सम्मको अवरुद्ध सडक भोलि सम्म संचालनमा आउनेछ। अरनिको राजमार्गको ब्राहबीसे-दोलालघाट-धुलिखेल खण्ड भोली सम्म सुचारु हुनेगरी कार्य भईरहेको छ। बि.पि. राजमार्गको विकल्पको रुपमा मुलकोट बाट सित्खा पुल हुँदै मन्थलीसम्म जाने सडक सुचारु भएको छ भने सित्खा-खाँडादेवी-गाल्वा सडक भोली सम्म सुचारु भई बि.पि. राजमार्ग भएर आउने सवारी साधनलाई मन्थली चरिकोट हुँदै राजधानी आउन सक्ने गरी कार्य भईरहेको छ। अवरुद्ध अन्य राजमार्गहरुको अवरोध यथाशिघ्र हटाई सडक सुचारु गरिनेछ भने क्षतिग्रस्त पुलहरु भएको स्थानमा अस्थायी वेलीवृज जडान गरी यथासक्य छिटो सवारी साधन सुचारु गर्ने वातावरण मिलाइनेछ ।

२०८१/६/१३
प्रवक्ता

मिति २०८१/०६/१३